## बाइबल नैतिकता पाठ १ – ४

### ठीक वा बेठीक

*तल दिइएको खाली ठाउँमा ठीक उत्तरको अगाड़ि 'ठी' र बेठीक उत्तरको अगाड़ि 'बे' लेख्नुहोस्।*

___१. तपाई जे-जस्तो हुनुहुन्छ त्यसैमा परमेश्वर चासो राख्नुहुन्छ।

___२. परमेश्वरको बालक बन्नको निम्ति एक व्यक्तिले येशूमा विश्वास गरी उहाँलाई ग्रहण गर्नैपर्छ।

___३. तपाई ख्रीष्टियान बन्नुभएपछि एकलोपनको अनुभव गर्नुहुन्छ।

___४. तपाई जे गर्नुहुन्छ त्योचाहिँ तपाई जे हुनुहुन्छ त्यसको बाहिरीय चिन्ह हो।

___५. मानिसहरूप्रतिको हाम्रो प्रवृत्ति परिवर्तन हुनै सक्दैन।

___६. हामीलाई ठीक जीवन नजिउने व्यक्तिहरूका बारेमा गनगन गर्ने अधिकार ख्रीष्टियानको हैसियतले छ।

___७. बाइबलमा ठीक जीवन जिउने निर्देशनहरू राखिएका छन्।

### सबैभन्दा ठीक उत्तर छान्ने प्रश्न

*तल दिइएका प्रत्येक प्रश्नको एउटै मात्र उत्तर ठीक हुन्छ। ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।*

८. असल कामहरूको जीवनको अर्थ
**क.** कल्याणका कामहरू मात्र गर्नु।
**ख.** सबै थोकहरूमा जे असल छ सो गर्नु।
**ग.** आफ्ना योग्यताहरू देखाउनु।

९. नैतिकताको एउटा परिभाषा के हो?
**क.** तपाईका पृथ्वीका बाबुले गरेका कामको नकल गर्नु।

**ख.** बाहिर मात्र असल देखिनु।
**ग.** असल प्रवृत्ति र कार्यहरूलाई व्यवहारमा लगाउनु।

१०. ख्रीष्टको निम्ति राजदूत को हो?
**क.** संसारमा परमेश्वरको राज्यको प्रतिनिधित्व गर्ने व्यक्ति।
**ख.** ख्रीष्टलाई नचिन्ने तर एक असल धनी व्यक्ति।

११. परमेश्वरले आफ्नो चरित्र कसरी प्रकट गर्नुभयो?
**क.** मानिसलाई आफ्ना विचारहरू लेखिदिएर।
**ख.** उहाँका निम्ति कोही नबोलुन्जेलसम्म पर्खेर।
**ग.** मानिसहरूका बीचमा रहनका लागि आफ्ना पुत्र येशू ख्रीष्टलाई पठाएर।

१२. परमेश्वरको महिमा प्रकट गर्नु भनेको के हो?
**क.** पानीको तालमा सूर्यको चमक देख्नु।
**ख.** परमेश्वरको उही प्रवृत्ति र असल कामहरू अरूहरूलाई देखाउनु।
**ग.** अरू कसैमा परमेश्वरलाई भेट्टाउन कोशिश गर्नु।

१३. हाम्रो विवेक असल हो, किनकि यसले
**क.** हामीलाई सिद्ध बनाउन सक्छ।
**ख.** परमेश्वरले चाहनुभएको कुरा गर्न हामीलाई सहायता गर्न सक्छ।
**ग.** हाम्रो साइकललाई सन्तुलित राख्नका लागि सहायता पुऱ्याउन सक्छ।

१४. येशूमा नयाँ जीवन जिउने आधार के हो?
**क.** असल कार्यहरूको अभ्यास गर्नु।
**ख.** बाइबलका अर्तीहरूलाई प्रयोग गर्नु।
**ग.** अरूहरूका कार्यहरूलाई हेर्नु।

१५. "मेरो पछि लाग जसरी म ख्रीष्टको पछि लागेको छु," भनी पौलसले भन्दा उनले के अर्थ दिएका थिए?
**क.** कसरी सिद्ध हुन सकिन्छ भनी जान्नका लागि अरूहरूले उनका कार्यहरूलाई हेर्नैपर्छ भनी उनले अर्थ दिएका थिए।
**ख.** उनको आफ्नै उदाहरण येशू हुनुभएको हुनाले उनका कामहरू र प्रवृत्तिहरूलाई उदाहरणको रूपमा प्रयोग गर्न सकिन्छ भनी उनले अर्थ दिएका थिए।

१६. मानिस कसरी जिउनुपर्छ भनी परमेश्वर इच्छा गर्नुहुन्छ?
**क.** एकसाथ शान्ति र मिलापमा र नियम-कानूनको आदर गरेर।

**ख.** नियम-कानूनअनुसार मात्र, किनभने नियम-कानूनले असल नैतिकता बनाउँछ।

१७. हामीहरू आफैले परमेश्वरका व्यवस्थाहरूलाई पूरा गर्न सक्दैनौं, यसैकारण,

**क.** हामीले केहीको मात्र आज्ञा पालन गर्न आवश्यक छ, किनकि हाम्रो मानव स्वभाव कमजोर छ।

**ख.** आज्ञाकारी हुनका निम्ति सहायता पुऱ्याउन हामीले ख्रीष्टमा भरोसा राख्न आवश्यक छ।

१८. ख्रीष्टको व्यवस्थालाई कसरी चिनिन्छ?

**क.** प्रेमको व्यवस्था।

**ख.** दश आज्ञाहरू।

**ग.** आउने न्याय।

१९. "आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर" भनी येशूले भन्दा उहाँले के अर्थ दिनुभएको थियो?

**क.** आफ्नो निम्ति तपाईंले गरेजस्तै अरूहरूका निम्ति पनि तपाईंले उत्तम कुरा चाहनुहुन्छ।

**ख.** तपाईंको जत्तिकै तपाईंको छिमेकीको पनि धन-सम्पत्ति हुनुपर्छ।

**सामान्य प्रश्नहरू**

पाठ १-४

*तल दिइएको खाली ठाउँमा ठीक उत्तरको अगाड़ि "छ" र बेठीक उत्तरको अगाड़ि "छैन" लेख्नुहोस्।*

__ **२०.** के तपाईंले पाठ १-४-लाई ध्यानपूर्वक पढ्नुभएको छ?

__ **२१.** के तपाईंले पाठ १-२-मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

__ **२२.** के तपाईंले पाठ ३-४-मा तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

__ **२३.** के तपाईंले तपाईंको अभ्यासको निम्ति भनी सोधिएको खण्डका

**ङ** कसैले पनि मन नपराएको व्यक्तिको बारेमा भन्नका लागि असल कुराहरू भेट्टाउनु।

१. तपाईंको उत्तर।

४. तपाईंको उत्तर भिन्दै हुन सक्छ तर केही तरीकाहरू यस्ता हुन सक्छन्ः
तपाईंको छिमेकीको मित्र बन्ने।
खाँचोमा परेकालाई आफूले सकेसम्म सहायता गर्ने, तिनीहरूलाई आदर र प्रेम देखाउने।

२. तपाईंको उत्तर।

५. **क** बेठीक
**ख** ठीक
**ग** बेठीक
**घ** ठीक
**ङ** ठीक

ङ) येशूको जीवन बारेका शब्दहरू र ख्रीष्टियानको हैसियतले मेरो जीवनका बीचमा विरोध हुनुहुँदैन।

**६** कसैलाई साक्षी दिन सक्नाका लागि पवित्र आत्माको अगुवाइको निम्ति प्रार्थना गर्नुहोस्। आफ्ना मुक्तिदातालाई उत्तम किसिमले कसरी प्रस्तुत गर्न सकिन्छ सो सम्बन्धमा उहाँको अगुवाइको निम्ति प्रार्थना गर्नुहोस्। कसैसँग येशूको बारेमा कुराकानी गर्नुभन्दा पहिले ती व्यक्तिका निम्ति धेरै प्रार्थना गर्नुहोस्। जब उनले येशूलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गर्छन्, बाइबलको पढ़ाइद्वारा र तपाईंको *नयाँ जीवन-जस्ता* आई सी आई पाठ्यपुस्तकका अध्ययनद्वारा धेरै सिक्नका लागि उत्साह दिनुहोस्।

तपाईंका उत्तरहरू जाँच्नुहोस्।

अब पाठ ५-८-को विद्यार्थी प्रतिवेदन भर्नका निम्ति तपाईं तयारी भइसक्नुभएको छ। यी पाठहरूलाई दोहोऱ्याउनुहोस् र तपाईंको विद्यार्थी प्रतिवेदनमा दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्। तपाईंले आफ्नो उत्तर-पृष्ठ निर्देशककहाँ पठाउनुहुँदा अर्को पुस्तकको बारेमा सोधी पठाउनुहोस्।

## ✔ तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

३. **क** तपाईंले पाउनुपर्नेभन्दा धेरै पैसा पसलेले फर्काएपछि उसलाई फेरि त्यो फर्काइदिनु।

**ख** तपाईं काम गर्न ढीला आउनुभएको हुनाले त्यति धेरै ज्याला पाउनुपर्दैन भनी आफ्नो मालिकलाई बताउनु।

**सामान्य प्रश्नहरू**

पाठ ५-८

*तल दिइएको खाली ठाउँमा ठीक उत्तरको अगाड़ि "छ" र बेठीक उत्तरको अगाड़ि "छैन" लेख्नुहोस्।*

___२०. के तपाईंले पाठ ५-८-लाई ध्यानपूर्वक पढ्नुभएको छ?

___२१. के तपाईंले पाठ ५-६-मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

___२२. के तपाईंले पाठ ७-८-मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

___२३. के तपाईंले तपाईंको अभ्यासको निम्ति भनी सोधिएको खण्डका प्रश्नहरूका जवाफ दिनुभयो? के ती उत्तरहरूलाई पाठको अन्तमा दिइएका उत्तरहरूसँग दाँज्नुभएको छ?

___२४. के तपाईंले पाठका उद्देश्यहरूलाई दोहोऱ्याउनुभयो? के उद्देश्यअनुसारको सफलता पनि तपाईंले हासिल गर्नुभएको छ?

यस प्रश्न-पुस्तिकालाई भरिसकेपछि आई सी आई-को ठेगानामा हामीकहाँ पठाउनुहोस्। प्रभुले तपाईंको जीवनमा प्रशस्त आशिष् दिऊन्!

**ख.** हामीले विशेष कार्यक्रमहरूमा बाइबलका पदहरू पढ्ने र प्रार्थना गर्ने काम गर्नैपर्छ।
**ग.** हामीले असल शिक्षा र दैनिक बाइबल पढ़ाइमा ध्यान दिनैपर्छ।

१४. एकलेसियामा विभाजन गराउने एउटा कारणचाहिँ कुन हो?
**क.** पूर्वाग्रह
**ख.** प्रेम
**ग.** बाँड्चूँड़

१५. ख्रीष्टको शरीरमा सेवाको प्रदर्शन गर्ने एक तरीका कुन हो?
**क.** धेरै सदस्यहरूका समस्याहरूलाई बताउनु।
**ख.** एकलेसियामा आएका नयाँ पाहुनाहरूलाई तिनीहरूका भूलहरूका बारेमा बताउनु।
**ग.** एकलोपनको अनुभव गरेको व्यक्तिलाई तपाईको घरमा निमन्त्रणा गर्नु।

१६. परमेश्वरका वरदानहरूको उद्देश्य के हो?
**क.** एकलेसियाको निर्माण गर्नु।
**ख.** उहाँका सन्तानको रूपमा हामीलाई भर्नु।
**ग.** हामीलाई अझै धन्यवादी बनाउनु।

१७. साँचो ख्रीष्टियान प्रेम कसरी नूनजस्तो हुन्छ?
**क.** यसले विशेष अवसरमा मात्र केही कुरा थप्छ।
**ख.** जीवनको सुरक्षाको निम्ति यो आवश्यक पर्छ।

१८. हामी हाम्रो जीवनलाई कसरी शुद्ध पार्न सक्छौं?
**क.** हामीलाई सहायता गर्नका लागि साथीलाई बिन्ती गरेर।
**ख.** हामीले गरिराखेको कुरालाई परिवर्तन गरेर।
**ग.** येशूको उदाहरणको पछि लागेर।

१९. परमेश्वरको निम्ति हामीले गर्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण काम के हो?
**क.** उहाँको काममा साक्षीको रूपमा प्रयोग हुने।
**ख.** हामीले के गर्नुपर्ने हो सो उहाँले नै हामीलाई भन्नुहुन्छ भनी पर्खनु।
**ग.** अरूहरूलाई हाम्रो असल काम देखाउनु।

## सबैभन्दा ठीक उत्तर छान्ने प्रश्न

*तल दिइएका प्रत्येक प्रश्नको एउटै मात्र उत्तर ठीक हुन्छ। ठीक उत्तरको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।*

८. तीन नोकरहरूको बारेमा भएको कथाले कुन सिद्धान्तलाई नमूनित गर्छ?
   **क.** केही व्यक्तिहरूको जीवन अरूहरूकोभन्दा अलि कठीन हुन्छ।
   **ख.**

९. जब येशूले "दासको स्वभाव" लिनुभयो उहाँ
   **क.** आज्ञा दिने शक्तिशाली शासक बन्नुको सट्टा मानिसहरूलाई सेवा गर्ने व्यक्ति बन्नुभयो।
   **ख.** संसारलाई बनाउँदा परमेश्वरको सहयोगी बन्नुभयो।

१०. प्रेमको व्यवस्थामा विभिन्न सिद्धान्तहरू समावेश गरिएका छन्, जस्तै
   **क.** स्वार्थ, घमण्ड र घृणा।
   **ख.** अल्छीपना, अप्रसन्नता र झगड़ा।
   **ग.** क्षमा, शान्ति र आनन्द।

११. परमेश्वरको मन्दिरको रूपमा हाम्रो शरीरलाई दिइने आदर आत्माको कुन फलमा प्रकट गरिएको छ?
   **क.** घमण्ड।
   **ख.** आत्मसंयम।
   **ग.** स्वार्थ।

१२. हामी कस्तो भएको परमेश्वर चाहनुहुन्छ भनी थाहा पाउनका लागि परमेश्वरले सहायता गर्नुहुने एक तरीकाचाहिँ
   **क.** हामीलाई अगुवाइ गर्नका निम्ति पवित्र आत्मा पठाएर।
   **ख.** हामीले के गर्नुपर्ने हो सो कुरा उहाँ शारीरिक रूपमा आई हामीलाई बताएर।
   **ग.** हाम्रा आफ्नै बारेमा पत्ता लगाउने कोशिश गरेर।

१३. यदि हामी परमेश्वरको अनुग्रहमा बढ्न चाहन्छौं भने,
   **क.** अरूहरूले हामीलाई जे गर भन्छन् सो कुरा हामीले ध्यानसँग सुन्नैपर्छ।

प्रश्नहरूका जवाफ दिनुभएको छ? के ती उत्तरहरूलाई पाठको अन्तमा दिइएका उत्तरहरूसँग दाँज्नुभएको छ?

__२४. के तपाईंले पाठका उद्देश्यहरूलाई दोहोऱ्याउनुभएको छ? के उद्देश्यअनुसारको सफलता पनि तपाईंले हासिल गर्नुभएको छ?

## ख्रीष्टिय सेवकहरू खण्ड २ः पाठ ५-८

## ठीक वा बेठीक प्रश्न

*तल दिइएको खाली ठाउँमा ठीक उत्तरको अगाड़ि "ठी" र बेठीक उत्तरको अगाड़ि "बे" लेख्नुहोस्।*

__१. निर्णयहरू बनाउँदा बाइबलले केही पनि सहायता गर्न सक्दैन।

__२. यदि केही कुराले मलाई खुशी पार्छ, मलाई असल भावना दिन्छ, तब मैले यसलाई गर्नैपर्छ।

__३. येशू स्वस्थ, पूर्ण र पवित्र मानिस हुनुहुन्थ्यो।

__४. परमेश्वरको अनुग्रहमा बढ्ने काम हाम्रो चाहनाका निम्ति प्रार्थना गरेर आउँदैन तर परमेश्वरले चाहनुभएको कुराको निम्ति प्रार्थना गरेर आउँछ।

__५. परमेश्वरको परिवारका सदस्यहरूले प्रेमको व्यवस्थामा ठूलो महत्त्व राख्नुपर्छ।

__६. सधैँभरि अरूहरूलाई आफूलाई भन्दा उत्तम ठान्नुपर्छ।

__७. तपाईंको प्रवृत्ति र कार्यहरूमा ख्रीष्टमा भएको तपाईंको जीवनलाई व्यवहारमा लगाउनुपर्छ।

# बाइबल नैतिकता

के तपाई जान्न चाहनुहुन्छ. . .

- तपाई कसरी परमेश्वरको महिमालाई प्रकट गर्न सक्नुहुन्छ?
- स्वभावको कस्तो नमूनालाई बाइबलले अङ्कित गरेको छ?
- तपाईको समुदायमा तपाई कसरी नून र ज्योति बन्न सक्नुहुन्छ?

यदि सो हो भने, *बाइबल नैतिकता* भनिने यो पुस्तक विशेष गरी तपाईकै निम्ति लेखिएको हो। यसका व्यावहारिक शिक्षाले तपाईलाई परमेश्वरसँगको नजीकको सम्बन्धमा र तपाईको समुदायमा ख्रीष्टको वचनको प्रभाव पार्नका लागि अगुवाइ दिनेछ।

यस पुस्तकले स्वयम्-शिक्षण प्रणालीलाई प्रयोग गरी यसको अध्ययनलाई चाखलाग्दो र सजिलो बनाएको छ। तपाईले यसका निर्देशनहरूलाई पालन गर्नुहोस् र आफ्नो जाँच लिनुहोस्।

III
3

यस चिन्हले अध्ययनमालाका पुस्तकहरूका क्रमिक सम्बोधन गर्छ। ख्रीष्टियान जीवन अध्ययनमाला तीन खण्डमा विभाजित छ र प्रत्येक खण्डमा ६, ६-वटा पुस्तकहरू राखिएका छन्। बाइबल नैतिकता खण्ड ३-को तेस्रो पाठ्यपुस्तक हो। तपाईले यी पाठ्य-पुस्तकहरूलाई क्रमिक रूपमा अध्ययन गर्नुहुँदा बढ़ी फाइदा उठाउन सक्नुहुन्छ।

मुद्रण: आर.के. प्रिन्टर्स फोन: २३०००९